CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #८३

२५।८।२०७७

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## आ.व. २०७७/७८ मा श्रम, रोजगार तथा सामाजिक सुरक्षामा विनियोजित बजेटको संक्षेपिकरण

### रोजगार प्रवर्द्धन कार्यक्रम

कुल बजेट

रु. ३१,४१,००,०००

*(सबै वैदेशिक अनुदान)*

### प्रधानमन्त्री रोजगार कार्यक्रम

| | |
|---|---|
| कुल बजेट | रु. ६,८३,२८,००,००० |
| नेपाल सरकार | रु. ५६,३३,००,००० |
| वैदेशिक ऋण | रु. ६,२६,९५,००,००० |

### व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र

कुल बजेट

रु. २,१४,००,०००

*(सबै योगदान नेपाल सरकारबाट)*

| | |
|---|---|
| **जम्मा** | **रु. ७,१६,८३,००,०००** |
| नेपाल सरकार | रु. ५८,४७,००,००० |
| वैदेशिक अनुदान | रु. ३१,४१,००,००० |
| वैदेशिक ऋण | रु. ६,२६,९५,००,००० |

माथीको तथ्यांक हेर्दा श्रम, रोजगार तथा सामाजिक सुरक्षामा विनियोजित बजेटमा जम्मा ८% योगदानमा मात्र सरकारको आत्मनिर्भरता देखिन्छ । बाँकी करिब ९२% बजेटको लागि सरकार वैदेशिक अनुदान र वैदेशिक ऋणमा निर्भर रहेको देखिन्छ । यसले अब सरकारले आन्तरिक स्रोत व्यवस्थापन र दिगो योजनामा ध्यान दिनुपर्ने देखाउँछ ।

स्रोत: https://npc.gov.np/images/category/ADP.pdf

## नेपाल अपडेट



काभ्रेपलाञ्चोक जिल्लाको चण्डेनी मण्डनमा सिमान्तकृत माझी समुदायलाई प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगत आलु सुपरजोनमा मुल बीउ छान्दै माझी समुदायका महिलाहरू ।

तस्विर: केशवराज पौडेल

### परिक्षण

पिसिआर परिक्षण: १८,१३,२०४


पोजेटिभ: २,४५,६५०

उपचाररत: १२,३८६

मृत्यु : १६६३

सन्चो भएका : २,३१,६०१






Source: https://covid19.mohp.gov.np/#/

accountabilitylab NEPAL

# हल्ला र तथ्य



सरकारले सार्वजनिक सेवामा काम गर्ने कर्मचारीलाई कोभिड - १९ को संक्रमण देखिएमा आइसोलेशनमा बसेको अवधीलाई सार्वजनिक विदा मान्ने भनेको छ । निजी संघसंस्थाको हकमा के हुन्छ ?

निजी संघ संस्थाको हकमा पनि त्यही व्यवस्था लागु हुने भनी संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सबै निकायलाई परिपत्र जारी गरेको छ । जस अनुसार, सम्बन्धित कार्यालय प्रमुखले क्वारेन्टाईन अथवा आईसोलेशनमा बसेको वा अस्पताल भर्ना भएको व्यहोरा प्रमाणित गर्नुपर्ने छ । आईसोलेशनमा बसेको कर्मचारीको हकमा बढीमा १४ दिन र अस्पताल भर्ना भई उपचार गराएका कर्मचारीहरूलाई अस्पतालमा उपचार गराउँदाको अवधिभर सार्वजनिक विदा कायम गरिदिने भनेको छ ।


स्रोत: https://cutt.ly/Khm9nWr



सरकारले कोभिड - १९ को परीक्षण गर्न एन्टिजेन टेष्ट सुरु गर्ने भनेको थियो । के यो पिसिआर जतिकै भरपर्दो छ ?

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले काठमाण्डौका केही पकेट एरियाहरूमा कोभिड - १९ को एन्टिजेन टेष्ट परीक्षण गरेको छ । त्यो परीक्षण भईसकेपछि जो व्यक्तिहरूलाई पोजेटिभ देखियो उनिहरूलाई पोजेटिभ मान्ने । जसको रिपोर्ट नेगेटिभ आयो, त्यस मध्ये लक्षण भएकाहरूलाई पिसिआर टेष्ट गर्ने र लक्षण नभएकालाई फेरी परिक्षण गर्नु पर्दैन । एन्टिजेन टेष्टको भ्यालिडेसन टेष्टको लागि कोभिड - १९ को पिसिआर टेष्ट पनि सँगसँगै गरिएको थियो । त्यसको रिपोर्ट छिट्टै नै सार्वजनिक गर्ने र एन्टिजेन टेष्ट पिसिआर टेष्ट जतिकै प्रभावकारी देखिएको पनि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

स्रोत: https://cutt.ly/ehT9L75



कतार प्रहरीमा जानको लागि अन्तरवार्ता लिईरहेको ठाउँमा वैदेशिक रोजगार विभागले छापा हान्यो । अब अन्तरवार्ताका लागि पैसा र राहदानी बुझाएकाहरूको के हुन्छ ?

वैदेशिक रोजगारीमा कतार प्रहरीमा जाने भनी एस.ओ.एस म्यानपावर सर्भिस प्रा.लि., होप ईन्टरनेशनल प्रा.लि. र डि.डि. ह्युमन रिसोर्स प्रा.लि. वा ति कम्पनीसँग सम्बन्धित व्यक्ति वा अन्य कुनै म्यानपावरमा राहदानी वा रकम बुझाएका व्यक्तिले, २०७७ पौष २१ गते भित्र प्रमाण सहित वैदेशिक रोजगार विभाग वा नजिकैको श्रम तथा रोजगार कार्यालय वा जिल्ला प्रशासन कार्यालयमा उजुरी दिन सक्नेछन् । त्यसै गरेर, वैदेशिक रोजगार विभागको अनुगमन शाखाको ईमेल ठेगाना monitoring@dofe.gov.np मा मेल गरेर पनि उजुरी दिन सकिनेछ ।

स्रोत: https://dofe.gov.np/DetailPage.aspx/id/166/lan/ne-NP



भिजिट भिषामा वैदेशिक रोजगारीमा गएकाहरू ठगिएमा वा अलपत्र परेमा वैदेशिक रोजगार विभागले उजुरी नलिने भनेको हो ?

श्रमका लागि भिजिट भिषामा गएका व्यक्तिहरूको सेवा, शर्त तथा सुविधाका सम्बन्धमा वैदेशिक रोजगार ऐन तथा नियमावली, २०६४ पनि आकर्षित हुँदैन र व्यक्ति स्वयं जिम्मेवार हुने भनेर वैदेशिक रोजगार विभागले यस अघी सूचना सार्वजनिक गरेको थियो । तर, यस सम्बन्धी धेरै उजुरी आउन थालेपछि त्यसरी वैदेशिक रोजगारीमा गएर अलपत्र परेका वा जाने भनी राहदानी वा रकम बुझाएका व्यक्ति व्यक्तिले ३० दिन भित्र प्रमाण सहित उजुरी दिन विभागले फेरी अर्को सूचना जारी गरेको छ ।

स्रोत: https://dofe.gov.np/DetailPage.aspx/id/167/lan/ne-NP

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा +2760806146 एड गर्नुहोस्
२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्




## COVID-19
को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत


कोभिड - १९ सम्बन्धी सित्तैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट **३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरव | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,३४,४५१ नेपाली | ७१,१९३ नेपाली | २६,००० नेपाली | ४,०६,९१७ नेपाली | २,२४,९०५ नेपाली | १७,०५७ नेपाली | ५००,००० नेपाली | ३८,८६२ नेपाली |
| ३,५९,२७४ संक्रमित | १,४५,२४० संक्रमित | ८८,४९५ संक्रमित | १,४०,५१६ संक्रमित | १,८१,४०५ संक्रमित | १,२५,६६९ संक्रमित | ७८,४९९ संक्रमित | ४०,०९८ संक्रमित |
| ५,२५० नेपाली संक्रमित | २,१५० नेपाली संक्रमित | ४५१ नेपाली संक्रमित | २७,४१२ नेपाली संक्रमित | ४,५०० नेपाली संक्रमित | ३०० नेपाली संक्रमित | ८१ नेपाली संक्रमित | २७ नेपाली संक्रमित |
| ८४ मृत्यु भएका नेपाली | १२ मृत्यु भएक नेपाली | ३ मृत्यु भएका नेपाली | १८ मृत्यु भएका नेपाली | ३९ मृत्यु भएका नेपाली | १ मृत्यु भएका नेपाली | | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

**ShramikSanjal**

साउदी स्थीत नेपाली दुतावासले साउदी अरबको जुवेल एरियामा बस्ने श्रमिक साथिहरुलाई भिषा नविकरण गर्न र हराएको वा च्यातिएको राहदानी नयाँ बनाउन सहज होस भनेर, यहि आउँदो शुक्रबार, ११ डिसेम्बर २०२० मा एकदिने शिविर सञ्चालन गर्ने भएको छ ।

**स्थान:** एभरेष्ट नेपाली रेष्टुरेन्ट, जुवेल




**यहाँ पाईने सेवाहरु**

फोटो खिच्ने, औंठा छाप, हस्ताक्षर लिने र अनलाईन फारम भरेका आधारमा निकालिएको नामको सूची ।

**राहदानी आवेदनका लागि आउँदा साथमा अनिवार्य ल्याउनुपर्ने कागजातहरु:**

१. सक्कल राहदानी

२. राहदानीमा आफ्नो फोटो भएको पेज र पेज नं. ३१ को फोटोकपि एक/एक प्रति

३. नागरिकताको फोटोकपि एक प्रति (अगाडि र पछाडि दुबै पेज एउटै पानामा आउने गरी)

*राहदानी दस्तुर साउदी रियाल २००*
*हराएको वा कुनै कारणले बिग्रिए वा च्यातिएको भए साउदी रियाल ४००*

www.facebook.com/shramik.sanjal बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

accountabilitylab NEPAL

# $ फलो द मनी – खर्चको अर्थ

## २०७७ साल श्रावण मसान्त सम्म कोभिड – १९ को सन्दर्भमा भएको जम्मा खर्च

**१३ अर्ब ३७ करोड**

| संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | प्रधानमन्त्री कोरोना रोकथाम तथा उपचार कोष |
|---|---|---|---|
| ३६% | ११% | ४५% | ८% |

## संघिय सरकारमा भएको खर्च शिर्षक

औषधी तथा स्वास्थ्य उपकरण
रु. १,७५,५२,४०,०००


क्वारेन्टाईन व्यवस्थापन
रु. ४,६९,४६,०००

स्वास्थ्य बीमा
रु. २,९३,८८,९६,०००

अन्य
रु. १,२४,७३,०००

मानव स्रोत साधन परिचालन
रु. ५,७४,४३,०००


## प्रदेश सरकारले गरेको खर्च




accountabilitylab NEPAL

# $ फलो द मनी – खर्चको अर्थ

## २०७७ साल असार मसान्तसम्म पोखरा महानगरपालिकाले कोरोना नियन्त्रण, रोकथाम तथा प्रतिकार्यमा गरेको खर्चको विवरण





पोखरा महानगरपालिकाले उपलब्ध गराएको विवरण अनुसार महानगरले कोरोना नियन्त्रण, रोकथाम तथा प्रतिकार्यमा ८ करोड भन्दा बढी खर्च गरेको देखिन्छ । माथिको ग्राफमा महानगरले छुट्टा छुट्टै शिर्षकमा गरेको खर्चलाई प्रश्तुत गरिएको छ । महानगरले गरेको खर्चलाई हेर्दा, सेनिटाईजर टनेल र सडक बालबालिकालाई व्यवस्थापन गर्नमा गरेको खर्च एकदमै सकारात्मक छ । धेरै जस्तो खर्च शिर्षकहरु जस्तैः क्वारेन्टाईन, आईसोलेशन, औषधी, उपकरण र पिपिईमा भएको खर्च आफैमा स्पष्ट छ । राहत वितरणमा ३ करोड १९ लाख भन्दा बढी खर्च भएको देखिन्छ । यस मध्येको केही रकम औषधी तथा स्वास्थ्य उपकरण खरिद गर्नमा उपयोग गर्न सकिन्थ्यो भन्ने प्रश्न गर्ने ठाउँ यहाँ रहन्छ । स्थानीयको विशवास जित्न र राहत वितरणमा भएको खर्चलाई पारदर्शी बनाउन हरेक स्थानीय तहले विस्तृत विवरण सार्वजनिक गर्न जरुरी छ ।

नोटः हाम्रो उद्देश्य सरकारले गरेको राम्रो काम र छुट्याएको बजेटको बारेमा सबैलाई जानकारी होस र सो पश्चात यस विषयमा नागरिक र अन्य सरोकारवालाको बिचमा छलफल भई सरकारलाई प्रयाप्त पृठपोषण प्राप्त होस् भन्ने हो । यहाँ प्रस्तुत विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो । थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं । यसमा सबैले सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं ।

accountabilitylab NEPAL

# कोभिड - १९ ले एकातिर रोजगारी खोस्यो, अर्को तिर ऋणमा डुबायो




केही साथीहरूसँगै ८ महिना अगाडी म वैदेशिक रोजगारीमा कुवेत गएको थिएँ । म ३ महिना त्यहाँ बसेँ । काम पनि भनेजस्तो भएन र पारिश्रमिक पनि भनेजस्तो दिएन । महिनाको जम्मा तलब ५० कुवेती दिनार (करिब २० हजार रुपैयाँ) मात्र थियो । त्यहि पैसाबाट खाने बस्ने सबै व्यवस्था आफै गर्नु पर्दथ्यो । हामीले काम गर्ने कम्पनी चाइनिज थियो । कम्पनीमा कार्यरत कामदारमा कोरोनाको संक्रमण देखिएका कारण सुरुमा कम्पनी सिल गर्‍यो । त्यसपछि त कम्पनी नै बन्द भयो ।

हामीसँगै काम गर्ने मध्ये ८ जना साथीहरूको मृत्यु भयो । मेलै त्यो विषयमा आवाज उठाइरहेको थिएँ । कम्पनीले उनिहरूको परिवारलाई राहत दिनु पर्छ भनेर वोलेको थिएँ । त्यसपछि नै हामीलाई कम्पनीले निकालेर घर पठाउन चाहेको थियो, तर माहोल मिलेको थिएन । उता बस्ने वातावरण नभए पछि कोरोना महामारीकै बिच हामी स्वदेश फर्कियौं ।

केही कमाउला भनेर ऋण खोजेर विदेश गएको थिएँ । कमाई त परको कुरा, फर्किदाको टिकट खर्च समेत घरबाट मगाउनु पर्‍यो । हामी प्रकृया पुरा गरेर नै वैदेशिक रोजगारीमा गएको थियौं । काठमाण्डौं आइपुगेपछि हामीले क्षतिपुर्तिको लागि वैदेशिक रोजगार विभागमा उजुरी दियौं । शुरुमा विभागले वास्ता नै गरेन । तर, पछि धेरै ठाउँबाट दवाव दिएपछि विभागले उजुरी त दर्ता गर्‍यो, तर अहिलेसम्म त्यसको कुनैपनि सुनुवाई भएको छैन् । क्षतिपुर्तिको लागि हामी मन्त्रालयसम्म पनि पुग्यौं । त्यहाँबाट पनि केही सुनुवाई भएन । अहिले घर आएर वसिरहेको छुँ । अव के गर्ने र कसरी गर्ने केहि थाहा छैन् । कोभिडले त एकातिर रोजगारी खोस्यो, अर्को तिर ऋणमा पनि नराम्ररी डुबायो ।


**मातृका शर्मा**

*भेरीगंगा नगरपालिका - १, सुर्खेत*

# नेपालमा दैनिक पिसिआर परीक्षणको संख्या र पोजेटिभ देखिने दर

सही सूचना

२०२० डिसेम्बर महिनामा दैनिक पिसिआर परीक्षणको संख्या र पोजेटिभ देखिने दर




माथिको ग्राफमा २०२० डिसेम्बर महिनामा दैनिक पिसिआर परीक्षण गारिएको संख्यालाई देखाईएको छ । यद्यपी दैनिक परीक्षणको संख्या तलमाथी भईरहेको छ, तर यो समयमा संत्रमण पुष्टि हुने दर भने उस्तै छ । यसले एकातिर कोभिड - १९ को जोखिम अझै पनि उस्तै छ भन्ने देखाउँछ भने, अर्को तर्फ नेपालमा महामारी सुरुभएको भएको ९ महिना पछि पनि दैनिक परीक्षणको दर सन्तोषजनक छैन भन्ने देखाउँछ ।

स्रोत: HEOC, MoHP, SitRep

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गारिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219